# वालिङ नगरपालिका कार्यालय

## वालिङ, स्याङजाको

## बहुउद्देश्यीय भवन निर्माण कार्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७३/११/४ गते)

वालिङ नगरपालिका कार्यालयको चालु आर्थिक वर्ष २०७३/०७४ को लागि स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्रभित्र तपसिलमा उल्लेखित कार्य गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरू वा कम्पनिबाट निम्न सर्तहरूको अधिनमा रहि रितपूर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१) बोलपत्र फाराम खरिद गर्न इच्छुक व्यवसायीहरू वा कम्पनिले सम्बन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७३/२०७४ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), साथै आ.व. २०७२/२०७३ को कर विवरण पेश गरेको कागजात, फर्म सम्बन्धी अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि (जो बोलपत्र खरिद प्रयोजनको लागि मात्र मान्य हुनेछ) को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) यस कार्यालयको राजस्व शाखामा बुझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिनसम्म कार्यालय समयभित्र यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको बोलपत्रहरू यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको दिउँसो १२:०० बजेभित्र वालिङ नगरपालिका कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहा छाप लगाई हाडकपी यस कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

३. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरू खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

४. बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मुल्यांकनका आधारहरू पुरा नगर्ने बोलपत्र दाताहरूको बोलपत्र स्वीकृत गरिने छैन ।

५. दर्ता भएको बोलपत्र सोही दिनको २:०० बजे बोलपत्र दर्ता गर्ने फर्महरूको सम्बन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ । फर्मको प्रतिनिधिको रूपमा कुनै व्यक्ति पठाउनु पर्ने भएमा रीतपुर्वकको मञ्जुरीनामा सहित पठाउनुपर्नेछ ।

६. बोलपत्र फारम भर्दा अंक अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दर मान्य हुनेछ । केरमेट भएमा सो ठाउँमा सही छाप हुनुपर्नेछ ।

७. शिलवन्दी बोलपत्र साथ जमानत वापत आफूले बोलपत्रमा कवुल गरेको रकमको कम्तीमा २.० देखि ३.० प्रतिशतले हुन आउने रकम नघटाई नेपाल बैंक लिमिटड शाखा स्याङजामा रहेको धरौटी खाता नं. २३२ ग ३/७२-५१-३९९३ (०७२०३०००००००३००००५) मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिनसम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हुनुपर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिनेछ ।

८. बोलपत्र दर्ता गर्ने फर्महरूले बोलपत्र पुस्तिकामा सम्लग्न गरिएको स्पेशिफिकेसन तथा अन्य ब्यहोरा प्रस्ट रूपमा पढि, सहि छाप गरी पेश गर्नुपर्नेछ । बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने र यस कार्यालयवाट बिक्री भएको बोलपत्र फाराममा भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नुपर्नेछ । शिलवन्दी बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरू शिलवन्दी बोलपत्र साथ (शिलवन्दी खामभित्रै) संलग्न हुनुपर्नेछ ।

९. दर्ता भएको बोलपत्रको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट ९० दिनको हुनुपर्नेछ ।

१०. कुनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरूको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरूको हकमा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ र सार्वजनिक खरिद ऐन २०६३ संशोधीत २०७३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयको फोन नं. ०६३-४४०१७७ र www.walingmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | सञ्चालन हुने स्थान | लागत अनुमान रू. भ्याट र कन्टेन्जेन्सी बाहेक) | जमानत रकम रू. | बोलपत्र फारम दस्तुर (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ५/२०७३/०७४ | बहुउदेश्यीय भवन निर्माण कार्य | ३ | ४३,०५,७८०।०२ | १,२१,४०३।० | १०००।० | |